**असल संस्कार र समृद्धिका लागि एनएमसी**

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (NMC-COOP)

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा**

*दोस्रो पटक प्रकाशित मिति : २०८३/१/३१*

---

## बिषय : धान रोपाई सम्वन्धी निवेदन पेश गर्ने सूचना

प्रस्तुत विषयमा कृषि ज्ञानकेन्द्र झापा र यस संस्था बिच भएको सम्झौता अनुसार यस संस्था अन्तरगतको कष्टम हायरिङ सेन्टर मार्फत **धानबालीमा** यन्त्र उपकरण प्रयोगको प्रदर्शन कार्यक्रम सञ्चालनका लागि झापा जिल्ला भित्रका कृषक समुह/कृषि फार्म/कृषि सहकारीहरुले आवश्यक कागजात सहित सुचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८३ जेष्ठ ७ गते विहिवार) भित्र एनएमसी एग्रो फार्मको कार्यालय वा इमेल ठेगाना agrofarmheadoffice@nmc.coop.np मा निवेदन पेश गर्न हुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गरिने छैन।

तपसिल

१. यस कार्यक्रम सञ्चालनका लागि एनएमसी एग्रो फार्मले धान बालीमा निम्न अनुसारको मेशिनरी सेवा उपलब्ध गराउने छ। साथै कृषि ज्ञानकेन्द्र, एनएमसी र कृषकको निम्न अनुसार जिम्मेवारी रहनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | जिम्मेवारी (कसले के काम गर्ने) | | |
|---|---|---|---|---|
| | | कृषि ज्ञानकेन्द्र | एनएमसी | कृषक |
| १. | धानको नर्सरीका लागि प्लाष्टिकको प्याड्डी ट्रे उपलब्ध गराउने | प्राविधिक सहयोग, तालिम र समन्वय साथै अनुदान सहयोग | विऊ राख्नका लागि (प्रति विगाहा १५० ओटा) ट्रे उपलब्ध गराउने (ढुवानी सहित) | नर्सरी व्यवस्थापन (राख्ने, हुर्काउने आदि) |
| २. | धान रोपाईंका लागि मेसिन (Rice Transplanter) को प्रयोग | | मेसिनद्धारा धान रोप्ने काम गर्ने | जमिन तयारी र खेतसम्म विऊ ढुवानी लगायत |

२. बर्षे (जेष्ठ-असारमा रोपाईं) धान बालीमा यन्त्र उपकरणको प्रयोग कार्यक्रम अन्तरगत प्रति विगाहा रु. १०,००० (दश हजार रुपैया मात्र) सेवा शुल्क तोकिएको छ। जस मध्ये ५० प्रतिशत कृषि ज्ञानकेन्द्रबाट भुक्तानी हुनेछ भने ५० प्रतिशत लागत कृषक स्वयम्ले भुक्तानी गर्नुपर्नेछ।

३. आवेदकले निम्न अनुसार कागजातहरु पेश गर्नु पर्नेछ।

- निवेदन पत्र
- कृषक समुह/कृषि फार्म/सहकारीको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी (आ.व. ०८१/८२ को नविकरण वा कर चुक्ता प्रमाण पत्र)
- कृषक समुह/सहकारीको हकमा निर्णयको प्रतिलिपी (निर्णयमा मेसिन प्रयोग गरिने किसानको नाम, हालको जग्गाको अवस्थिति र क्षेत्रफल उल्लेख गर्नुपर्नेछ)
- मेसिन प्रयोग गरिने जग्गाको धनीपुर्जाको प्रतिलिपी (यदि भाडाको जग्गा भए सम्झौता पत्रको प्रतिलिपी समेत)
- मेसिन प्रयोग गरिने जग्गाको क्षेत्रफल कम्तिमा ५ विगाहा (एकजना कृषकको न्युनतम १० कठ्ठा) हुनुपर्नेछ। साथै मेसिन प्रयोग गरिने जग्गा एउटै गाँऊ वा टोलको हुनु पर्नेछ।
- व्यक्तिगत कृषकको हकमा एक भन्दा बढि कृषक भएमा सयुक्त निवेदन सहितको कागजातहरु पेश गर्न सकिनेछ।

४. कृषकले धान रोपाईं सम्वन्धी कार्य असार १५ गते भित्रमा सम्पन्न गरि सक्नु पर्नेछ।

५. कृषक समुह/कृषि फार्म/कृषि सहकारीहरुबाट पेश हुन आएको निवेदनलाई एनएमसीको तर्फबाट संकलन गरि कृषि ज्ञानकेन्द्र झापामा अन्तिम स्वीकृतिका लागि पेश गरिनेछ ।

६. कृषि ज्ञानकेन्द्रबाट अन्तिम स्वीकृत भई आएका निवेदकहरुसँग तोकिएको धरौटी लिई एनएमसीका तर्फबाट लिखित सम्झौता गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

७. बिऊ, बेर्नाको स्याहार, बाली व्यवस्थापन, जमिनको तयारी, खनजोत, मलखाद, सिँचाई, गोडमेल, बिउको व्यवस्थापन, रोग किराको निरिक्षण लगायत बाली संरक्षण, बालीको विमा सम्वन्धी कार्यहरु कृषक स्वयम्ले गर्नुपर्नेछ ।

८. प्राकृतिक प्रकोप, रोगकिराको प्रकोप र अन्य कुनै पनि भवितव्यले प्रदर्शन कार्यक्रम असफल भएमा क्षतिपूर्ति वा अन्य प्रकारको राहत रकम वा सामाग्री कृषकले एनएमसी र कृषि ज्ञानकेन्द्र झापासँग दावी गर्न पाइने छैन ।

९. कार्यक्रममा प्रयोग हुने मेसिनरी, औजार, उपकरण लगायतको सामाग्रीहरुको सुरक्षा सम्वन्धित कृषकले गर्नु पर्नेछ । मेसिन उपकरण चलाउँदा कुनै पनि दुर्घटना भएको खण्डमा एनएमसी र कृषि ज्ञानकेन्द्र झापा क्षतिपुर्ति वा अन्य प्रकारको राहत भुक्तानी गर्न बाध्य हुने छैन ।

१०. कार्य सम्पन्न पश्चात कृषकले प्रयोग गरेका प्याड्डी ट्रे लगायतका सामाग्रीहरु एनएमसीलाई सहि सलामत फिर्ता गर्नु पर्नेछ । यदि सामाग्रीमा क्षति भएमा सम्वन्धित कृषकले एनएमसीलाई क्षतिपूर्ति भुक्तानी गर्नुपर्नेछ ।

थप जानकारीका लागि :

| एनएमसी एग्रो फार्म | कृषि ज्ञानकेन्द्र, झापा |
|---|---|
| ९८५२६८९४००/९८५२६८९४१५ | ९८५२६५५१०९ |